ISSN: 3059-9083 (Online & Print)

# नेपाली भाषा शिक्षामा उद्यमशीलताको भूमिका

शक्तिराज नेपाल
उपप्राध्यापक, नेपाली शिक्षा, त्रिभुवन विश्वविद्यालय
shakti.nepal@mahmc.tu.edu.np/snepal758@gmail.com
ORCID: https://orcid.org/0009-0009-2631-5530

**Article History**

**Submitted:**
22 May 2025

**Reviewed:**
13 July 2025

**Accepted:**
29 July 2025

**DOI:**
https://doi.org/10.3126/jovac.v2i1.83881

**QR Code:**

**Publisher**
Research and Innovation Committee (RIC), Vishwa Adarsha College, Itahari, Sunsari, Koshi Province, Nepal
Email: ricjovac@gmail.com
URL: vac.edu.np

## लेखसार

नेपाली भाषा शिक्षाको अध्ययनपश्चात् प्राप्त हुने उद्यमशीलताको सम्भावना र अभ्यास बारे चर्चा गर्ने विषयमा प्रस्तुत लेख केन्द्रित छ । नेपाली भाषा शिक्षा अध्ययन गरेका विद्यार्थी तथा विश्वविद्यालयका पाठ्यक्रमका निर्माताको अनुभवका आधारमा उद्यमशील शिक्षा र जीवनको पेसा बिचका सम्बन्धलाई देखाउनु प्रस्तुत लेखको उद्देश्य रहेको छ । इन्टरप्रिटेभिज्म प्याराडाइमअन्तर्गत मनोघटना (फेनोमेनोलोजिकल) ढाँचाको उपयोग गरिएको प्रस्तुत लेखमा सोद्देश्यमूलक नमुना छनोट विधिका आधारमा नेपाली शिक्षाको एमएड र एमफिल अध्ययन गरेका विद्यार्थी तथा उक्त कार्यक्रममा पाठ्यक्रम निर्माण गरी अध्यापन गर्ने प्राध्यापकलाई छनोट गरिएको छ । अन्तर्वार्ता विधिका आधारमा तथ्याङ्क सङ्कलन गरिएको यस लेखमा तथ्याङ्कलाई उतार गरी कोडीकरण, थिम निर्माण र थिमेटिक शीर्षकका आधारमा विश्लेषण गरिएको छ । उक्त विश्लेषणमा विद्यार्थीहरूले प्राप्त गरेको शिक्षा सिद्धान्तका ठेली भए तापनि सम्भावनाको खोजी गरेर बजारमा आवश्यक परेको सेवा प्रदान गर्न सफल बनेको देखिएको छ । एमफिल उत्तीर्ण विद्यार्थीहरू पनि नयाँ जोखिम लिएर बजारको विश्लेषण गरी उद्यम सिर्जना गर्न अभ्यास गरेको पाइएको छ । उनीहरूको सामूहिक योजनाले जन्माएको सिर्जनशील, नवप्रवर्तन र सामूहिक प्रयासलाई बजारमा प्रतिस्पर्धा गर्नसक्ने सफल उद्यमशील र व्यावहारिक थालनीका रूपमा लिइएको छ । साथै नेपाली शिक्षाको पाठ्यक्रमले प्रस्ट रूपमा उद्यमशील शिक्षाको वकालत नगरे तापनि त्यसभित्र प्रदान गरिने भाषिक सिप भने उद्यमशीलतासँगै जोडिने तर तिनको अभ्यास नभएका कारण सिद्धान्त र व्यवहार बिच रिक्तता रहेको पाइएको छ । नेपाली भाषा शिक्षण तथा पाठ्यक्रम निर्माण गरेका अनुभवी प्राध्यापक र उक्त दुवै तहका विद्यार्थीको अनुभवका आधारमा शिक्षाशास्त्रीय पाठ्यक्रममा उद्यमशीलतासम्बन्धी विषयलाई प्रत्यक्ष रूपले प्रस्तुत नगरिएका कारण धेरै विद्यार्थीको प्रमाणपत्र र उद्यमशीलता बिच खाडल रहेको देखिएको छ । यसरी नेपालको शिक्षालाई आत्मनिर्भर तथा उद्यमशीलतासँग जोडी गुणस्तरीय जीवनयापनमा सहयोग गर्ने शिक्षाको नीति निर्माण र कार्यान्वयन गर्नसमेत प्रत्यक्ष मदत पुग्ने भएकाले प्रस्तुत लेखको उपयोगिता रहेको देखिन्छ ।

*सूचक शब्द :* आलोचनात्मकता, उद्यमशीलता, नवप्रवर्तनात्मकता, सम्भावना र सिर्जनात्मकता

**विषयपरिचय**

उद्यमशीलतालाई उद्यमी र उसको औद्योगिक क्रियाकलापका रूपमा चर्चा गरिएको पाइन्छ। यसको सम्बन्ध बजारका विविध पक्षसँग जोडिएको हुन्छ। उद्यमशीलता हुनका लागि कुनै व्यक्ति वा उद्यमीले पुँजी लगानी गरी जोखिम बहन गरेर नाफा कमाउने उद्देश्यबाट प्रेरित भई कुनै क्रियाकलाप गरेको हुन्छ (हार्भे, सन् २००५)। उद्यमशीलताविना मानव पुँजी निर्माण गर्न तथा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने कुराको सम्भावना कम देखिन्छ। तसर्थ उद्यमशीलता भनेको उद्यमी र उसको औद्योगिक क्रियाकलाप हो (कोस्टा र अन्य, सन् २०२०)। यसलाई बृहत् अवधारणाका रूपमा लिइन्छ। उक्त क्रियाकलापको मुख्य उद्देश्य भनेको आर्थिक आर्जन गर्नु र उद्यमशील जीवन बिताउनु हो।

उद्यमशीलता र नवउदारवाद एकअर्का बिच अन्तरसम्बन्धित देखिन्छन्। उक्त सन्दर्भमा उद्यमशीलताको अवधारणालाई नवउदारवादको प्रत्यक्ष प्रभावक तत्त्वका रूपमा लिइन्छ (हार्भे, सन् २००५)। उत्तरआधुनिकताको विकाससँगै नवउदारवादी मान्यताले संसारका हरेक क्षेत्रलाई प्रभाव पार्यो। त्यस्ता विभिन्न अवधारणाले भाषाको सिकाइलाई पनि उद्यमशीलताको विकासका रूपमा पुनर्संरचना गरेको देखिन्छ (कोस्टा र अन्य, सन् २०२०)। ती विभिन्न विकासमध्ये उद्यमशील संस्कृतिलाई विशेष प्राथमिकतामा राखिएको पाइन्छ, जसले नवप्रवर्तनका अवधारणाको सुरुवात, आत्मनिर्भरता तथा प्रतिस्पर्धात्मक क्षमताका लागि उत्प्रेरित गर्ने संस्कारको विकास गरेको देखिन्छ। उद्यमशीलता शब्दसँग मुनाफा, जोखिम एवम् निरन्तरता जस्ता पक्षहरू अन्योन्याश्रित रूपले जोडिएका हुन्छन्। यसैगरी शर्मा र फ्याक (सन् २०२०) अनुसार फुको (सन् २००८) ले मानव पुँजीको चर्चा गर्दै व्यक्तिका सिप, क्षमता तथा गुणलाई पुँजीका रूपमा प्रस्तुत गरेका छन्। तसर्थ व्यक्तिमा उक्त प्रकारका पुँजीको व्यवस्थापन हुनैपर्ने कुराको पैरवी हुन थालेको छ। साथै व्यक्तिमा रहेका उक्त सिप र क्षमता जस्ता पक्षले विश्वबजारमा व्यक्तिको मूल्य निर्धारण गर्दछन्। त्यसमध्ये भाषाको उत्पादन, उपभोग र उपभोक्ताको प्रवृत्तिलाई भाषा सिकाइको नवीन प्रवृत्तिका रूपमा चर्चा गर्न थालिएको छ।

उद्यमशीलता भन्ने शब्दको सर्वप्रथम प्रयोग इम्यानुअल (सन् २०१०) बाट भएको पाइएको छ। उक्त शब्दलाई कुनै नयाँ कुरा सिर्जना गर्नका लागि व्यक्तिको क्षमता र तत्परतालाई जनाउन प्रयोग गरिएको छ। लगानीको सम्भावना, त्यसमा आधारित उद्यमशीलता विकास र सामाजिक लाभ वा निर्माणका लागि प्रभावकारी रूपमा व्यवस्थापन गर्ने कुरालाई उद्यमशीलतासँग जोडिएको छ। त्यसैगरी तिम्मोन्स (सन् २०११) ले उद्यमशीलतालाई एक जटिल प्रक्रियाका रूपमा प्रस्तुत गर्दै यसमा गरिने निर्णय पनि जटिल नै हुने बताएका छन्। गतिशील र विश्वव्यापी रूपमा अनिश्चित अवस्थामा रहेको व्यवसायका पक्षमा लाग्ने जनभावनालाई पनि सामाजिक र प्राविधिक वातावरणको आवश्यकता पर्ने बताइएको छ।

भर्खरै नेपाल सरकारले सोह्रौँ योजना सार्वजनिक गरेको छ। सरकारले वि.सं.२१०० सम्ममा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्ने दीर्घकालीन सोच तय गरेको छ (२०८१, पृ.३)। उक्त दीर्घकालीन लक्ष्यअन्तर्गतको १.२ र १.३ मा क्रमशः मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग

भनी विशिष्टीकृत तथा उच्च र दिगो उत्पादन तथा उत्पादकत्वलाई उल्लेख गरेको छ (पृ.१२) । वि.सं. २१०० सम्ममा नेपालको आर्थिक वृद्धिदर १०.५ प्रतिशतमा पुर्‍याउने अनुमान गरिएको देखिन्छ । रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा तथा श्रमशक्ति सहभागिता दर भनी प्रारम्भिक लक्ष्य राखेको छ । ती कुरा कार्यान्वयनमा आउने हो भने नेपालीमा उद्यमशीलताको विकास र विस्तार पनि अत्यधिक हुन्छ । अतः उक्त सबै विषयहरू उद्यमशीलतासँग जोडिएका छन् ।

समाजका हरेक पक्षलाई उद्यमशीलतासँग जोडेर हेर्न र त्यसअनुसार गतिविधि गर्न सकिन्छ । फ्याक (सन् २०१६) ले भाषा र समाजलाई उद्यमशीलतासँग जोड्दै परम्परागत भूमिकाबाट भाषालाई मुक्त गरिएको चर्चा गरेका छन् । साथै उनले समाजको जातिभाषिक पहिचानलाई समेत लचिलो आर्थिक स्रोतका रूपमा पुनः अर्थ्याउन सकिने कुरो गर्दै भाषालाई नाफाका लागि परिचालन गर्न सकिने विषयका रूपमा छलफल गरेका छन् । यसको मतलव भाषालाई उद्यमशीलताको स्रोतका रूपमा विकास गर्न सकिन्छ भन्ने उनीहरूको निष्कर्ष रहेको देखिन्छ ।

भाषा शिक्षाको नीति निर्माण गर्दा राज्यले निर्धारण गरेको नीतिलाई जोड्नुपर्दछ । भाषा शिक्षणसम्बन्धी नीति निर्माण गर्दा त्यहाँ नवउदारवादले मुख्य भूमिका खेल्न थाल्दछ (शर्मा र फ्याक, सन् २०१७) । सरकारी, कानुनी, प्रशासनिक तथा सम्पर्क भाषाका रूपमा भाषाको सामाजिक, शैक्षिक र राष्ट्रिय स्थितिलाई पनि अध्ययन गर्नैपर्दछ । साथै भाषिक वक्ताले कुन भाषालाई आफ्नो दैनिकीको प्रधान भाषा बनाएका छन् । उनीहरूको प्रधान भाषा, आफ्नै निजी भाषा र शिक्षण माध्यमको भाषा बिच गम्भीर मुद्दा बन्दछ । उक्त सबै प्रकारका मुद्दाको सम्बन्ध सिधै गएर नवउदारवादमा जोडिन्छ ।

नवउदारवादले हरेक कुराको सम्बन्ध बजारसँग जोड्छ । नवउदारवादले गरिबी हटाउनका लागि स्वतन्त्र बजार र स्वतन्त्र व्यापारलाई प्रवर्धन गर्नुपर्ने (हार्भे, सन् २००५) कुरामा जोड दिन्छ । भाषाका बजारको मूल्य, भाषा शिक्षणको बजारको मूल्य वा त्यसको उपभोक्ता र ग्राहकले पाएको सेवा जस्ता कुराले अर्थ पक्षलाई समेट्छ । यद्यपि भाषा शिक्षणमा उद्यमशीलतासम्बन्धी चर्चा पर्याप्त र प्रस्ट रूपले भएको पाइँदैन । उद्यमशीलतालाई भाषा शिक्षणसँग सम्बन्ध जोडी अध्ययन गरिएका सन्दर्भ पनि कम पाइन्छन् । नेपाली भाषा शिक्षण अध्ययन गरेका व्यक्ति कसरी उद्यमशील बन्न सके भन्ने विषयमा पनि अध्ययन भएको पाइँदैन । तसर्थ उक्त सन्दर्भलाई जोडी नेपाली भाषा शिक्षणमा उद्यमशीलताको प्रभावविषयक अध्ययन गर्नु आवश्यक रहेको छ ।

वर्तमान सन्दर्भमा, भाषाको प्रयोग, सिकाइ, त्यसको उत्साहमा पनि नवउदारवादको अप्रत्यक्ष प्रभाव पर्न थालेको छ । यसले हरेक कुराको प्रभुत्व शक्ति पुँजीमा रहेको हुन्छ, उक्त पुँजीगत शक्तिका कारण भाषा, समाज, राजनीति, धर्म, सङ्गीत, कला आदि सबै विषयहरू पुँजीगत प्रभावका अघि प्रभावहीन बन्न पुग्दछन् र उक्त अवस्थाका कारण व्यक्तिहरू शिक्षामा पनि पुँजीको सम्भावना तथा प्रत्यक्ष लाभ हुने कुराको खोजी गर्दछन् (शर्मा र फ्याक, सन् २०१७) । आर्थिक फाइदालाई केन्द्रमा राखेर नवउदारवादले

सार्वजनिक सेवा प्रवाह, पहिचान, भाषा तथा समाजका अन्य पक्षलाई उद्यमशीलताका वस्तुका रूपमा देख्दछ ।

हालसालै गरिएका अध्ययनमा पनि विश्वव्यापी रूपमा देखिएको नवउदारवादको प्रभुत्वले विश्वराजनीति, विश्वभाषा, विश्वव्यापार, विश्वचेतना, विश्वविकास जस्ता पक्षमा हस्तक्षेप गरिरहेको पत्ता लागेको छ । उक्त अवस्थालाई कतै भाषाका रूपमा त कतै व्यापार र राजनीतिका रूपमा हस्तक्षेप भइरहेको छ भन्दै विशेषगरी नवउदारवादले भाषाका माध्यमबाट विश्वभरि हस्तक्षेप गरिहेको कुरालाई सबैले स्विकारेको पाइन्छ (ब्लक र अन्य, सन् २०१२ तथा पार्क, सन् २०१०) ।

भाषा शिक्षणको विषय पनि अब वैचारिक बहसको मुद्दा बनिरहेको छ । धेरै अध्येता तथा अनुसन्धाताहरूले शिक्षालाई स्थानीयतासँग जोडी स्थानीय सिप, कला र संस्कारलाई विश्वव्यापी बनाउनुपर्छ भन्ने धारणा बनाउन थालेका छन् । उक्त सबै कुरामा नवउदारवादले प्रत्यक्ष रूपमा प्रभाव पारिरहेको देखिन्छ (डि कोस्टा र अन्य, सन् २०१६) ।

शिक्षामा उद्यमशीलताको चर्चा भने निकै पछि सुरु भयो । युरोपेली आयोग (सन् २०११) ले पनि उद्यमशीलतालाई लामो जीवन र जीवनव्यापी अनुभवलाई संयोजन गर्ने उत्तम माध्यम नै शिक्षा हो भन्ने चर्चा गरेपछि शिक्षामा उद्यमशीलताको चर्चा हुन थालेको पाइन्छ । पछिल्ला समयमा, युरोपेली संघमा पाइएको सङ्ख्याका आधारमा व्यक्तिका क्षमताको सूक्ष्मता र भाषा सिकाइ तथा उद्यमशील सक्षमतालाई सिकारुको व्यक्तिगत तथा व्यावसायिक जीवन निर्धारक तत्त्व मानिन्छ (युरोपेली आयोग, सन् २०११) । उद्यमशील शिक्षाको आधारभूत उपलब्धि भनेको उद्यमशीलताको अवधारणा, अभ्यासको सूचना, समझ तथा उत्तरदायित्वका लागि वातावरण तयार गर्नु हो । व्यक्तिका उद्यमशील सिपको विकास गर्नु, व्यक्तिका सुनिश्चितता र क्षमताको सिर्जना गर्नु, उद्यमशील जीवन बिताउने आत्मविश्वास बढाउनु, उद्यमशील दृष्टिको विकास गर्नु, विद्यार्थीलाई उद्यमशील जीवन निर्माणतर्फ उत्प्रेरित गर्नु, व्यापारिक नवप्रवर्तन प्रक्रियालाई अपनाउनु, उद्यमशील सक्षमताको प्रशंसा गर्नु, प्राविधिक रूपले व्यापार कसरी गर्ने भन्ने तरिका विकास गर्नु, व्यक्तिगत तथा नेटवर्क बिचको सम्बन्धलाई उत्प्रेरित गर्नु, स्वरोजगारीका वातावरणलाई केन्द्रित गर्नु, संस्थागत विकास र अपनत्व बोधको विकास गर्नु जस्ता उद्देश्यलाई उद्यमशील शिक्षाका प्राथमिकता मानिन्छ (ह्यानन र अन्य, सन् २००६) । तसर्थ विद्यार्थीको जीवनलाई सहज बनाउने, आत्मनिर्भर बनाउने तथा स्वआर्जनको अवसर प्रदान गर्ने भएकाले विश्व बजारमा उद्यमशील शिक्षाको अपरिहार्य रहेको देखिन्छ । ओपाराका र अन्य (सन् २०१४) ले पिटरमेन र केनेडी (सन् २००३) का कुरालाई जोड्दै उद्यमशीलताले विद्यार्थीलाई बजारमा बिक्न सक्ने बनाउने उल्लेख गरेका छन् । यसले विद्यार्थीलाई रोजगारी सिर्जना र स्वरोजगारको अवसर प्रदान गर्दछ ।

नेपाली भाषा शिक्षामा उद्यमशील पाठ्यक्रमको व्यावहारिक अभ्यास भएको देखिँदैन । पाठ्यक्रम पनि धेरैजसो सैद्धान्तिक प्रकृतिका छन् । शिक्षण क्रियाकलाप सैद्धान्तिक तथा शिक्षककेन्द्रित नै रहेका छन् । पाठ्यक्रम, पाठ्यपुस्तक, सामग्री तथा शिक्षक र विद्यार्थीको बोल्ने र लेख्ने कलालाई पनि उद्यमशीलतासँग

जोडी शिक्षामा रूपान्तरणको विकल्प खोजिएको छ । उक्त रिक्ततालाई पूरा गर्न नेपाली भाषा शिक्षाका प्राध्यापक तथा विद्यार्थीसँग अनुभव सङ्कलन गरी विमर्श गरिएको छ र नेपाली भाषा शिक्षामा उद्यमशीलताको अभ्यास, सम्भावना तथा चुनौतीको पनि प्रक्षेपण गरिएको छ । स्नातकोत्तर तह र एमएड उत्तीर्ण गरेका तथा स्वरोजगार गरी उद्यमशील जीवन बिताइरहेका विद्यार्थीले आफ्नो उद्यमशीलतामा प्रवेश गर्दाका अनुभव तथा सम्बद्ध विषयका प्राध्यापक र पाठ्यक्रम निर्माताले दिएका प्रतिक्रियाको अध्ययनमा मात्र प्रस्तुत अध्ययन सीमित छ । उक्त अध्ययनमा विद्यार्थीले दिएका प्रतिक्रियालाई चारवटा थिममा निर्माण गरिएका प्रतिक्रियालाई नवउदारवाद, उद्यमशीलता र भाषिक बजारका आधारमा मात्रै विश्लेषण गरिएको छ । विश्वविद्यालयको शिक्षालाई उद्यमशीलतासँग जोडी रोजगार सिर्जना गर्ने नीति निर्माण गर्न तथा सम्बद्ध शिक्षक र विद्यार्थीलाई सचेत गराई नेपाली भाषाको विश्वबजारको पहिचान गर्न समेत प्रस्तुत लेखको औचित्य रहेको छ ।

**पूर्वकार्यको समीक्षा**

उद्यमशील शिक्षाको आधारभूत अवधारणाको विकास नभई यस बारे परियोजना तय गर्न पनि सकिँदैन । यसै सन्दर्भमा सामुएल र रहम्यान (सन् २०१८) ले शिक्षामा उद्यमशीलतालाई सर्वप्रथम जोड्ने व्यक्तिको नाम जापानका सिगेरु फिजी रहेको भन्ने उल्लेख गर्दै उक्त शिक्षाको चर्चा बढी मात्रामा अमेरिकामा भएको बताएका छन् । उद्यमशील शिक्षाको आधारभूत अवधारणाको उपलब्धिका रूपमा व्यक्तिको उद्यमशील सिप, अभिवृत्ति, व्यवहार तथा गुणको विकास गर्दै उद्यमशीलतासम्बन्धी उत्तरदायित्व, सूचना तथा यसको अवधारणा र अभ्यासलाई लिइन्छ । जीवनयापनको सिपलाई नै उद्यमशील शिक्षाका रूपमा लिँदै उनीहरूले विद्यार्थीहरूलाई जीवनयापन गर्ने उद्यमशील शिक्षामा उत्प्रेरित गर्ने कुराको चर्चा गर्दै उनीहरूले उद्यमशीलता शिक्षण गर्ने विधिको उल्लेख गरेका छन् । उनीहरूले पाठ्यवस्तुका उद्देश्य, उद्यमशीलताको अवधारणा र प्रक्रिया, विद्यार्थीले सिर्जना गरेका स्वआर्जनको शिक्षा, शिक्षा र विद्यार्थीको रुचिका विषयको क्षेत्र बिचका सम्बन्धलाई उद्देश्यका रूपमा प्रस्तुत गरेका छन् ।

हेल्भेटास नेपाल (२०७७) ले नेपाली युवाका लागि लक्षित गरी स्वरोजगार, तालिम, उद्यमशील पाठ्यक्रम निर्माण जस्ता विषयलाई सिपमुखी बनाएर प्रस्तुत गरेको छ । सहभागी विद्यार्थीको सिप परीक्षण र प्रमाणीकरणलाई अनिवार्य गरेपछि कम्तीमा ९५ प्रतिशतले सिप परीक्षण उत्तीर्ण गर्ने अपेक्षा गरिएको छ । साथै कतिपय पाठ्यक्रमले समेट्न नसकेका वा छुटेका कुराहरूलाई तालिम प्रदायक संस्थाले सिप तथा तालिम प्रदान गर्ने र प्रशिक्षार्थीलाई सफल बनाउने उद्देश्य राखिएको छ ।

नेपालका विश्वविद्यालयहरूमा उद्यमशील विद्यार्थीको खोजी भन्दै अम्गाई (२०८१) ले ०८१/०८२ का लागि सरकारले घोषणा गरेको नीति र कार्यक्रममा समेत राष्ट्रभरका एकहजार युवालाई बिजनेस स्टार्टटप नामको कार्यक्रम सुरु गर्ने तथा उक्त कार्यक्रमले पनि नवयुवा स्वरोजगार कार्यक्रम र उद्यमशीलता योजनाको भविष्य उज्यालो देखिने कुरा उठाएका छन् । उनले विश्वविद्यालय अनुदान

आयोगको उद्यमशीलता कार्यक्रमको उल्लेख गरी नेपालका सबै विश्वविद्यालयमा कम्तीमा ३० जना युवालाई तालिम पुग्नेगरी लघुउद्योग उद्यमशीलताउन्मुख व्यावसायिक आयोजना बनाएको देखाएका छन् । साथै व्यावसायिक उद्यमशीलता भन्ने नयाँ योजनामार्फत् विश्वविद्यालय अनुदान आयोगले विभिन्न किस्तामा अनुदान दिँदै विद्यार्थीलाई उद्यमी बनाउन प्रयास गरिरहेको विषय उल्लेख गरेका छन् ।

विच र अन्य (सन् २०२०) ले अध्ययन विधिका रूपमा Design thinking and the four-step design process in CRADLE लाई अपनाएका छन् । प्राथमिक तहको विद्यालयका शिक्षकहरूका लागि पहिलो शिक्षण पद्धतिका रूपमा CRADLE पद्धतिलाई मानिन्छ । शिक्षकका लागि एकैसाथ केही सिपका सूचीलाई उल्लेख गर्दै उनीहरूले क्रेडल विधिका सिपलाई मिलाएर प्रस्तुत गरेका छन् : पालनपोषण गर्न, अतिरिक्त क्रियाकलाप लागु गर्न, क्रियाकलापकेन्द्री कार्य गर्न, विद्यार्थी केन्द्रित पद्धति अपनाउन, अन्वेषणात्मक शिक्षण सिकाइका पद्धति तथा समस्याको समाधानका लागि डिजाइनको सिर्जना गर्ने सिपको विकास गर्नु । साथै उनीहरूले युरोपका तीनवटा देशका छवटा प्राथमिक विद्यालयमा उक्त CRADLE शिक्षण विधिलाई अपनाएको उल्लेख गरेका छन् । परियोजनाका रूपमा प्रस्तुत गरिएको उक्त विधिमा परियोजनाको विश्लेषण गर्ने, विधिको लागु भएका ठाउँमा शिक्षकको पृष्ठपोषण सङ्कलन गर्ने तथा अवलोकन गर्ने र विद्यार्थीको ज्ञान र सिपको विकासका लागि अलि लचक प्रकृतिको उद्यमशील शिक्षण विधिका रूपमा लागु गर्ने चर्चा गरिएको देखिन्छ । उक्त चर्चामा विद्यार्थीलाई जीवनोपयोगी सिपमा जोड्नका लागि चक्रिय योजना, परिमार्जन, सिपमुखी शिक्षण, पहुँच, प्रतिविम्बन तथा समायोजन जस्ता पक्षको भूमिकाले सिकाइलाई रूपान्तरण गर्न सहयोग पुर्‍याउने उल्लेख गरिएको छ ।

कोस्टा र अन्य (सन् २०२०) ले उद्यमशीलतालाई नवउदारवादको तीव्र रूपमा विकसित भइराखेको एक प्रवृत्तिका रूपमा प्रस्तुत गरेका छन् । उनीहरूले किन भाषिक उद्यमशीलता ? भन्ने प्रश्नको उत्तर दिने क्रममा कुनै व्यक्तिलाई विश्वबजारमा भाषिक आधारमा मूल्य प्रदान गर्ने नैतिक आधारका रूपमा भाषिक उद्यमशीलतालाई प्रस्तुत गरेका छन् । साथै उनीहरूले विभिन्न तथ्यका आधारमा कुनै पनि औपचारिक तथा अनौपचारिक शैक्षिक सन्दर्भलाई उद्यमशीलताले कसरी संस्थागत गतिविधिलाई गतिशील बनाउँछ भन्ने चर्चा गरेका छन् । त्यसका साथै भाषिक उद्यमशीलताले कसरी फरक तथा नवप्रवर्तनात्मक ढङ्गले सामाजिक भाषाविज्ञान, प्रायोगिक भाषाविज्ञान र भाषा नीति तथा अनुसन्धानसँगै नवउदारवादको निर्माणमा योगदान दिन सक्छ भन्ने विषयलाई अध्ययनको विषय बनाइएको उक्त अध्ययनमा नवउदारवादको विषयगत तथा भाषा सिकाइको सान्दर्भिकतालाई भाषिक सिकाइसँग जोड्न सकिने कुरालाई उल्लेख गरिएको छ । साथै फिएट (सन् २०००) ले उद्यमशीलताको शिक्षणको सैद्धान्तिक पक्षलाई प्रस्तुत गरेका छन् । विद्यार्थीलाई भविष्यका लागि कसरी तयारी गर्ने भन्ने बारे बुझ्नका लागि पनि यसको सैद्धान्तिक पक्ष बारे जानकारी हुनुपर्ने चर्चा गरिएको छ । उक्त कुरालाई नै उद्यमशीलताको सफल पक्ष मानिन्छ । त्यस कुराले उनीहरूको जीवनयापन, सन्तुष्टि र समृद्धिको सुनिश्चितता प्रदान गर्दछ । उनीहरूले हामीले किन उद्यमशीलता सिकाउने भन्ने बारे उनले पाँचवटा कारणलाई प्रस्तुत गरेका छन् : भविष्यको सुनिश्चितताका

लागि स्वरोजगारको सिप हुनुपर्ने, विद्यार्थीले सिर्जनशीलता र नवप्रवर्तनात्मकता जस्ता अवसर प्राप्त गर्नुपर्ने, विद्यार्थीले समस्या समाधानको सिप सिक्नुपर्ने, उद्यमशीलतालाई प्रभाव पार्ने आफ्नो तह, बौद्धिकता, सामाजिक आर्थिक स्तर र उस्तै खालका तत्त्वलाई विद्यार्थीले सिक्नुपर्ने, विश्वलाई बदल्नसक्ने विद्यार्थी बन्नुपर्ने । साथै उनको अध्ययनमा उच्च शिक्षामा उद्यमीलताको उपलब्धता रहे तापनि हामीले उद्यमशीलता सिकाउनुपर्ने कुरा व्यक्त गरिएको छ ।

माथि प्रस्तुत पूर्वकार्यमध्ये सामुएल र रह्म्यान (सन् २०१८) ले शिक्षामा  उद्यमशीलतालाई शिक्षण गर्दा पाठ्यवस्तुका उद्देश्य, उद्यमशीलताको अवधारणा र प्रक्रिया, विद्यार्थीले सिर्जना गरेका स्वआर्जनको शिक्षा, शिक्षा र विद्यार्थीको रुचिका विषयको क्षेत्र बिचका सम्बन्धलाई उद्देश्यका रूपमा प्रस्तुत गरेका छन् । उक्त पक्षले अवधारणात्मक धारणाको विकास गरी अध्ययनीय पक्षको निर्माण गर्न मदत पुगेको छ । त्यसैगरी हेल्भेटास नेपाल (२०७७) ले नेपाली युवाका लागि लक्षित गरी स्वरोजगार, तालिम, उद्यमशील पाठ्यक्रम निर्माण जस्ता विषयलाई सिपमुखी बनाएर प्रस्तुत गरेको छ । उक्त पक्षले विद्यार्थीको उद्यमशील व्यवहारलाई आँकलन गर्ने सिप, व्यवहार तथा तालिम जस्ता पक्षको पहिचान गर्न र सामग्री सङ्कलनका लागि सहभागी छनोटका आधार तयार पार्न पनि मदत गरेको छ । साथै अम्गाई (२०८१) ले ०८१/०८२ का लागि सरकारले घोषणा गरेको नीति र कार्यक्रममा समेत राष्ट्रभरका एकहजार युवालाई बिजनेस स्टार्टटप नामको कार्यक्रम सुरु गर्ने तथा उक्त कार्यक्रमले पनि नवयुवा स्वरोजगार कार्यक्रम र उद्यमशीलता योजनाको भविष्य उज्यालो देखिने कुरा उठाएका छन् । उक्त कार्यले उद्यमशील कार्यक्रमका आधार र गतिविधि चयन गर्ने मापदण्ड निर्माण गरी सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गरेको छ । विच र अन्य (सन् २०२२) ले CRADLE शिक्षण विधिको चर्चा गरी विद्यार्थीको आत्म  क्षमतामाथि विश्वास गर्ने, सिर्जनशील बन्ने, विचारलाई मूल्य प्रदान गर्ने, योजना र व्यवस्थापन गर्ने तथा अन्य व्यक्तिसँग मिलेर काम गर्ने वातावरण निर्माण गर्ने विधिका रूपमा प्रस्तुत गरेका छन् । उक्त चर्चाले अध्ययनीय पक्षको चयन, निर्धारण र व्याख्या गर्न मदत गरेको छ । उक्त सामग्रीले उद्यमशील शिक्षाको आवश्यकता पहिचान गर्न, अध्ययन विधि चयन गर्न, अध्ययनको आधारमा निर्माण गर्न, तथ्याङ्कका स्रोत पहिचान गर्न, तथ्याङ्कको विश्लेषण गर्न मदत पुर्‍याउँछन् । साथै कोस्टा र अन्य (सन् २०२०) ले कुनै व्यक्तिलाई विश्वबजारमा भाषिक आधारमा मूल्य प्रदान गर्ने नैतिक आधारका रूपमा भाषिक उद्यमशीलतालाई प्रस्तुत गरेका छन् । उनीहरूको चर्चामा उद्यमशील कार्यको बजारीकरणका कुरालाई प्रस्तुत गरिएकाले यस अध्ययनमा पनि उक्त कार्यले उद्यमशीलताका लागि आवश्यक पर्ने तत्त्वको निर्धारण गरी तथ्याङ्कको व्याख्या गर्न सहयोग पुर्‍याएको छ ।

## सैद्धान्तिक समीक्षा

उद्यमशीलताको अवधारणाले भाषा शिक्षणलाई रोजगारीको सुनिश्चितता, नाफाजन्य कार्य एवम् बजारको मूल्यसँग जोड्दछ । भाषा शिक्षणका विषयलाई उद्यमशील बनाउनका लागि आवश्यक पर्ने विषय

नै यसका सैद्धान्तिक पक्ष हुन्छन् । प्रस्तुत लेखमा उत्प्रेरणाको सिद्धान्तलाई प्रमुख सिद्धान्त र उद्यमशीलताको सिद्धान्तलाई अध्ययनीय वस्तुका सिद्धान्तका रूपमा अपनाई सहभागीका ३अ वा अनुभव, अभ्यास र अपेक्षालाई विश्लेषणको आधारका रूपमा प्रस्तुत गरिएको छ ।

### *सैद्धान्तिक समीक्षा : उत्प्रेरणाको सिद्धान्त*

सामान्यतः कुनै व्यक्ति वा समूहलाई कुनै काम गर्न वा सम्पादन गर्न उत्साह थप्ने, क्रियाशील बनाउने वा जागरुक बनाउने तत्त्वलाई उत्प्रेरणाका रूपमा प्रयोग गरिएको पाइन्छ ।  उक्त सन्दर्भमा भिक्टर भ्रुम (सन् १९६४) ले आफ्नो प्रभावशाली अपेक्षा सिद्धान्तमा प्रेरणालाई व्यक्तिका ऐच्छिक गतिविधिहरूका वैकल्पिक स्वरूपहरूमध्ये छनौटलाई नियन्त्रण गर्ने एउटा प्रक्रियाका रूपमा प्रस्तुत गरेका छन् । काप्लान (सन् २०१२) ले पनि शैक्षिक प्रक्रियामा उत्प्रेरणात्मक सिद्धान्तले प्रभाव पार्ने बताएका छन् । साथै उक्त प्रक्रिया व्यक्तिद्वारा नियन्त्रित हुने पनि बताइएको छ । यसैगरी उत्प्रेरणालाई प्रस्ट रूपले परिभाषित गर्दै क्यान्फर (सन् १९९०) ले व्यक्तिको भित्री र बाहिरी दुवैबाट उत्पन्न हुने ऊर्जावान् शक्तिहरूको समूहका चर्चा गर्दै यसलाई व्यक्तिका कार्यसँग सम्बन्धित व्यवहारलाई सुरु गरी त्यसको स्वरूप, दिशा, तीव्रता र अवधि निर्धारण गर्छ भन्ने अवधारणा व्यक्त गरेका छन् । त्यसकारण उत्प्रेरणा कस्ता कस्ता हुन्छन् भन्ने विषय अनुत्तरित जस्तो छ किनकि यसको किटान गर्न कठिन हुन्छ । आवश्यकता र विषयको प्रकृतिअनुसार यसको पनि प्रकृति र प्रकार फरकफरक हुने भएकाले यसलाई जटिल विषय मानिएको हो । कान्फर (सन् १९९०) का अनुसार पार्दी (सन् १९९०, पृ.३) ले सङ्गठनात्मक सिद्धान्तमा जागिर सन्तुष्टि, उत्प्रेरणा र पुरस्कारको व्यवस्थाले ठुलो प्रभाव पार्दछन् तथापि यी तीनओटा पक्षमध्ये उत्प्रेरणाले सबैभन्दा बढी दबदबा सिर्जना गर्दछ । तसर्थ व्यक्तिलाई काममा तत्परता ल्याउन, जाँगर चलाउन तथा उत्साह थप्नका लागि रुचि, मनोबल, जोस र जाँगर भर्नुपर्छ, त्यो वित्तीय वा गैरवित्तीय दुवै प्रकारको हुन्छ । हुन त उत्प्रेरणाको सिद्धान्तका प्रथम प्रयोक्ता भनी बि.एफ.स्किनरलाई भन्ने गरिएको पाइन्छ (क्यान्फर, १९९०) । यसबाट सिकारु लक्ष्यतर्फ अभिप्रेरित हुन्छ । कार्यप्रतिको संलग्नता र सहयोगको मूल आधार तथा कामप्रतिको निरन्तरता नै उत्प्रेरणाको मूल कथ्य बन्दछ । तसर्थ यस अध्ययनमा उत्प्रेरणाको सिद्धान्तलाई मुख्य सिद्धान्तका रूपमा अपनाइएको छ ।

### *उद्यमशील शिक्षाको सिद्धान्त*

पूर्वकार्यका सामग्रीको उपयुक्तताका आधारमा यस लेखमा सैद्धान्तिक पक्षका ढाँचाको निर्माण गरिएको छ । ती विषयलाई विभिन्न थिममा निर्माण गरी अध्ययनीय वस्तुका रूपमा यहाँ प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनका विशेषगरी स्यामुअल र रहम्यान (सन् २०१८), बेनेट (सन् २००६), गिब क,ख,ग (सन् २००२) र कोस्टा र अन्य (सन् २०२०) ले प्रस्तुत गरेका मान्यतालाई एकीकृत रूपले चर्चा गरी अध्ययनको सैद्धान्तिक अवधारणाको निर्माण गरिएको छ :

***विद्यार्थीसँग नयाँ व्यवसायको सिर्जना गर्ने सिप***

भाषा शिक्षाका विद्यार्थीहरूमा सिर्जनात्मक सिपको विकास भएपछि उनीहरू उद्यमशील भएर सोच्न सक्दछन् । विद्यार्थीहरूमा नयाँ व्यवसाय सिर्जना गर्ने सिप विकास गराउने विषयमा विभिन्न शिक्षाविद् तथा सिद्धान्तकारहरूले व्याख्या गरेका छन् । यस सन्दर्भमा जोसेफ सुम्पीटर (Joseph Schumpeter) लाई प्रायः उद्यमशीलता (Entrepreneurship)का क्षेत्रमा एउटा महत्त्वपूर्ण आधारभूत विचारक मानिन्छ । उनले सन् १९३४ मा आफ्नो इनोभेसन थ्योरी (Innovation Theory) मार्फत उद्यमीलाई नवप्रवर्तक (Innovator) का रूपमा परिभाषित गरे । साथै उनले उद्यमीहरू आर्थिक परिवर्तनका मुख्य कारक हुन्, जसले बजारमा नयाँ उत्पादन, प्रक्रिया, विधि वा बजार आफैँलाई परिवर्तन गरेर रचनात्मक विनाश (Creative destruction) ल्याउने र यस प्रक्रियाले पुराना उद्योगहरूलाई प्रतिस्थापन गरी नयाँ अवसरहरू सिर्जना गर्ने बताए । विद्यार्थीहरूलाई यही नवप्रवर्तनशील सोच र जोखिम लिने क्षमता विकास गर्न सिकाउनु नै नयाँ व्यवसाय सिर्जना गर्ने सिप विकासको आधार हो भन्ने सुम्पीटरको धारणाले शैक्षिक क्षेत्रमा ठूलो प्रभाव पारेको छ । यसबाहेक पिटर ड्रकर (Peter Drucker) ले उद्यमीलाई अवसरहरूको अधिकतम प्रयोग गर्ने व्यक्तिका रूपमा व्याख्या गरेका छन्, जसले विद्यार्थीहरूलाई अवसर चिन्न र त्यसलाई व्यवसायमा बदल्न उत्प्रेरित गर्छ ।

***विद्यार्थीका सिर्जनशीलता, नवप्रवर्तनात्मकता र समन्वयात्मकता जस्ता अवसरको सिर्जना***

भाषा शिक्षाका विद्यार्थीको सिपका रूपमा भाषाका पाँचवटा (सुनाइ, बोलाइ, पढाइ, लेखाइ र व्याकरण वा भाषातत्त्व) सिपलाई अपनाइन्छ तर यस अध्ययनमा भाषा शिक्षाका विद्यार्थीको भविष्यको सुनिश्चितताका लागि अपनाइएको नवप्रवर्तनात्मक वा उद्यमशील सिपलाई भाषा शिक्षाका विद्यार्थीको अपरिहार्य सिपका रूपमा प्रस्तुत गरिएको छ । उक्त सिपले विद्यार्थीको जीवनयापन सुनिश्चित गर्ने तथा बजारमा बिक्न सक्ने व्यावसायिक व्यक्तित्वको विकास गर्दछ (सुम्पीटर, सन् १९३४) । तसर्थ भाषा शिक्षाका विद्यार्थीमा सिर्जनशीलता, नवप्रवर्तनात्मकता र एकापसमा समन्वय गर्नेसक्ने सिपको विकासको अपेक्षा गरिन्छ ।

***समस्या समाधान गर्ने तथा कडा परिश्रम गर्ने सिप***

भाषा शिक्षाका विद्यार्थीको महत्त्वपूर्ण सिपका रूपमा समस्या समाधान गर्ने सिप तथा कडा मिहिनेत गर्ने सिपलाई लिइन्छ । विद्यार्थीले पढ्दापढ्दै वा भाषा शिक्षाको अध्ययन गर्दागर्दै उसले श्रमबजारमा काम गर्ने अवसर प्राप्त गरोस् भन्ने ठानिन्छ । भाषा शिक्षाको उद्यमशील अवधारणाले आफैँ रोजगार सिर्जना गर्नसक्ने वा उसका किताबका पानापानाबाट अर्थोपार्जन होस् भन्ने अपेक्षा गरेको हुन्छ ।

***विभिन्न प्रकारको जोखिम लिने सिप***


उद्यमशीलतामा लागेको विद्यार्थीले विभिन्न प्रकारको जोखिमको सामना गर्नुपर्ने हुन्छ । नेपालका सन्दर्भमा मुख्यत : राज्यका तर्फबाट सिर्जना गरिएको नीतिगत जोखिमका कारण धेरै उद्यमीहरू लगानी गर्न डराउँछन् । आफ्नै उद्योग व्यवसाय सञ्चालन गर्न हिच्किचाउँछन् । आफैँ केही काम गरी आत्मनिर्भर बन्न उत्प्रेरित हुँदैनन् । साथै सबैसँग आफ्नो योजनाबमोजिमको लगानी गर्नका लागि पर्याप्त वित्तीय अवस्था हुँदैन । आफ्नो जीवनवृत्तिको सुरक्षाको प्रत्याभूति नहुने भएकाले भविष्यको अनिश्चितताका कारण व्यक्तिहरू उद्यमशीलतामा लाग्न डराउँछन् । लगानीको राम्रो प्रतिफल प्राप्त भएन भने सामाजिक दृष्टिले पनि कमजोर सावित भइन्छ भन्ने जोखिम बढ्छ । तसर्थ आँट गर्ने र नगर्नेका बिच उद्यमशील क्षेत्रमा फरकपना पाइन्छ । बदलिँदो परिवेशमा कुन चाहिँ क्षेत्र सुरक्षित छ भन्ने कुराको सुनिश्चितता नभएका कारण व्यक्ति उद्यम गर्न पछि पर्छन् । तसर्थ नेपाली भाषा शिक्षाका विद्यार्थीका लागि पनि जीवनको जोखिमका कारण उद्यमशील बन्ने चुनौती देखापर्दछ, उक्त चुनौतीलाई सामना गर्नसक्ने सिपको विकास गरिनुपर्दछ ।

## तथ्याङ्क विश्लेषणको ढाँचा

यस लेखमा तथ्याङ्क विश्लेषणको आधारका रूपमा उत्प्रेरणाको सिद्धान्तलाई मुख्य सिद्धान्तका रूपमा अपनाइएको छ भने अन्तर्वार्ताबाट प्राप्त भएका तथ्याङ्कलाई सङ्केतीकरण, थिम निर्माण र थिमेटिक शीर्षक र उत्प्रेरणा सिद्धान्तको सम्बन्धका आधारमा विश्लेषण गरिएको छ ।

**अवधारणात्मक ढाँचा**

प्रस्तुत लेखमा देहायअनुसारको अवधारणात्मक ढाँचालाई अपनाइएको छ :



**अध्ययन विधि तथा प्रक्रिया**

प्रस्तुत लेखमा वर्णनात्मक दार्शनिक सिद्धान्तलाई अध्ययनको आधार बनाइएको छ । उक्त आधारलाई विषयगत तथ्याङ्कको व्याख्या गर्न बढी प्रयोग गरिन्छ (कोहेन र अन्य, सन् २०१८) । गुणात्मक अध्ययनको पद्धतिमा आधारित यस लेखमा मनोघटना (फेनोमेनोलोजिकल) अध्ययन ढाँचा तथा अन्तर्वार्ता विधिको उपयोग गरिएको छ । नेपाली भाषा शिक्षाका विद्यार्थी तथा प्राध्यापकलाई अध्ययनको जनसङ्ख्या मानिएको प्रस्तुत लेखमा सोद्देश्यमूलक नमुना छनोटका आधारमा एकजना प्राध्यापक र एमएड उत्तीर्ण तीनजना र एमफिल उत्तीर्ण दुईजना गरी जम्मा छजना सहभागीलाई नमुना छनोट गरिएको छ । साथै असंरचित अन्तर्वार्ताका माध्यमले तथ्याङ्क सङ्कलनपश्चात् उतार र उद्देश्यअनुसार कोडिङ् गरी थिमेटिक शीर्षकको निर्माण गरिएको छ । सहभागीको गोप्यतालाई ध्यानमा राखेर उनीहरूको प्रतिक्रियालाई जस्ताको तस्तै प्रस्तुत गरी सारको निर्माण गरिएको छ भने उक्त सारभूत पक्षलाई नै कोडिङ् गरी विश्लेषणका क्रममा प्रतिनिधिमूलक सानो अनुभव (Vignette) लाई प्रस्तुत गरिएको छ । अन्य विद्वान्का साभार गरिएका सामग्रीलाई सन्दर्भाङ्कन गरी इमान्दारिता अपनाइएको छ । तथ्याङ्कको विश्लेषणपश्चात् निर्धारित सिद्धान्तसँग सम्बन्ध देखाई निष्कर्ष निकालिएको छ ।

**व्याख्या तथा विश्लेषण**

**उद्यमशील शिक्षाको व्यावहारिक आवश्यकता विषयमा विद्यार्थीको दृष्टिकोण**

प्रस्तुत लेखमा उद्यमशील बन्नका लागि नेपाली भाषा शिक्षामा आवश्यक पर्ने सिप तथा सम्भावनालाई जोड दिई विद्यार्थीको नयाँ व्यवसाय सिर्जना गर्ने सिप, सिर्जनात्मकता, नवप्रवर्तनात्मकता, आलोचनात्मकता र समन्वयात्मकता, नयाँनयाँ उद्यमको अभ्यास तथा जोखिम लिने सिप गरी जम्मा चारवटा थिमका आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ :

***नयाँ व्यवसाय सिर्जना गर्ने सिप***

उद्यमशीलताका लागि नयाँ व्यवसाय सुरु गर्ने आँट तथा सिपको आवश्यकता पर्दछ । त्यस किसिमको सोंच तथा योजनाको विकास शिक्षाले नै गरिदिनुपर्दछ । उद्यमशील बन्नका लागि नयाँनयाँ सञ्जाल निर्माण गरी उनीहरूसँग अन्तरक्रिया र छलफलबाट नयाँ काम गर्ने सिपको विकास गर्न सकिन्छ (स्यामुअल र रहम्यान, सन् २०१८, पृ. १८१०) । हाम्रो नेपाली भाषा शिक्षाले त्यस किसिमको सिप, क्षमता, अवसर र सुरक्षित वृत्तिको विकास गर्ने वातावरण निर्माण गरेका विषयमा एमएडका विद्यार्थीले अभिव्यक्त गरेको दृष्टिकोणलाई प्रतिनिधिमूलक रूपमा यहाँ प्रस्तुत गरिएको छ :

> यो उद्यमशीलता भन्ने कुरा औपचारिक शिक्षाले प्रस्ट नसिकाएका कारण भौँतारिइराखियो । कतै जागिर पाइन्छ कि भनेर चाहार्न थालियो । धेरै चाहारेपछि पो यसका लागि सिपको खाँचो पर्ने रहेछ भन्ने थाहा पाइयो । विभिन्न खालका सिर्जना, उत्पादन, निर्माण र व्यवस्थापनका सिपको खाँचो

पर्ने भएकाले पहिले सिपको तालिम लिन थालियो । तालिम लिँदानलिँदै विदेशबाट कामको प्रस्ताव आयो । त्यसपछि विदेशमा ५ वर्ष काम गरियो । उता गरेको कामको अनुभवले आफूमा धेरै आँट, सिप, प्रविधि र व्यवस्थापनको विकास भएको महसुस भयो र आफ्नै सानो कम्पनी खोलेर काम गर्ने सोंचको विकास भयो ।

(एमएडका सहभागीको प्रतिक्रिया)

माथिको प्रतिक्रिया एमएड नेपाली शिक्षा अध्ययन गरेका विद्यार्थीको प्रतिनिधिमूलक प्रतिक्रिया हो । उक्त प्रतिक्रियाअनुसार उद्यमशीलताका लागि सिर्जनशीलता, सिप, आँट र व्यवस्थापनको आवश्यकता पर्दछ । तथ्याङ्कअनुसार नेपाली भाषा शिक्षा अध्ययन गरेका व्यक्तिले उद्यमशील सिपको कमीका कारण फेरि अर्को नवीन सिप वा तालिम लिनुपरेको र उक्त तालिमपछि मात्र विदेशबाट पनि कामको प्रस्ताव आएको तथा विदेश गएपछि अझै नयाँ नयाँ सिप र प्रविधिको विकास गरेपछि मात्रै नेपालमा आफ्नै कम्पनी सुरु गरी स्वरोजगार बनेको विषयलाई उक्त प्रतिक्रियाले व्यक्त गरेको छ । त्यसअनुसार विद्यार्थीहरू आफैँ उत्प्रेरित भएका छन्, उक्त कुरालाई उत्प्रेरणाको सिद्धान्तले पनि जोड गरेको छ । तसर्थ शिक्षा सँगसँगै सिपको पनि विकास भएका व्यक्तिहरू उद्यमशील बन्न सक्तछन् भन्ने कुरालाई सहभागीको उक्त प्रतिक्रियाले पुष्टि गरेका छन् ।

***सिर्जनात्मकता, नवप्रवर्तनात्मकता, आलोचनात्मकता र समन्वयात्मकता***

उद्यमशीलताका लागि नयाँ नयाँ सिर्जनात्मक सिप तथा नवप्रवर्तनात्मक सिपको खाँचो पर्दछ । एक्लैभन्दा विचार, सोंच तथा रुचि मिल्ने व्यक्तिसँग समन्वय गर्दै एकआपसका सिप, शैली र श्रम संस्कारलाई साटासाट गर्दै स्वरोजगारमा लाग्नुपर्दछ । विश्वबजारको मान्यताअनुसार पनि सिर्जनशील तथा नवप्रवर्तनशील व्यक्तिहरू उद्यमशील बन्न सक्छन् । आफ्ना अनुभवका आधारमा पनि धेरै नवप्रवर्तनात्मक कामहरू गर्न सकिन्छ (स्यामुयल र रहम्यान, सन् २०१८, पृ. १८०७) । विद्यार्थीहरूले आफ्नै प्रयासमा नवप्रवर्तनका काम गर्न थालेका छन् । औपचारिक शिक्षालाई आफ्नै सक्रियतामा व्यवहारमा उतार्ने काम गरेका छन् । सोही आशयमा एमफिल नेपाली शिक्षा अध्ययन गरेका सहभागीका नवप्रवर्तनात्मक विचारलाई यहाँ प्रस्तुत गरिएको छ :

नेपाली भाषा शिक्षाको औपचारिक कक्षामा सिकेका कुरामा नयाँपन खोज्न थालियो । नयाँ सिर्जनाका सम्भावना खोज्न थालियो । आफूले सिकेका सैद्धान्तिक ज्ञानलाई प्रयोगात्मक ढङ्गले प्रस्तुत गर्ने तथा ती विषयलाई प्रयोगात्मक ढङ्गका प्याकेजमा निर्माण गरी प्रस्तुत गर्न थालियो ।

(एमफिलका सहभागीको प्रतिक्रिया)

विद्यार्थीले आफूले आर्जन गरेका औपचारिक शिक्षालाई सिर्जनशील भएर सोची व्यवहारमा उतारेका छन् । यद्यपि चुनौतीको सामना गर्नु परे तापनि त्यसलाई नयाँ ढङ्गले कार्यक्रमका प्याकेज निर्माण गर्दै

उद्यमशीलतातर्फ अग्रसर भएको देखिएको छ । अतः नेपाली भाषा शिक्षाका विद्यार्थीले प्राप्त गरेका औपचारिक शिक्षामा व्यावहारिकता खोजेपछि उद्यमशील बन्ने प्रेरणा मिलेको पाइएको छ ।

भाषा शिक्षाका विद्यार्थीले आफ्ना अध्ययनभित्र उद्यमशीलता खोजेपछि त्यसमा नवप्रवर्तनशील सिपको प्रयोग गरेको पनि पाइएको छ । विश्वविद्यालयको डिग्री लिए तापनि त्यसलाई जीवन जिउने आधार बनाउँदा फरक ढङ्गले सोच्नैपर्ने बाध्यता बिच आफूमा जे सिप तथा खुबी छ उक्त सिपलाई प्रमुख प्राथमिकतामा राखेर यस अध्ययनका सहभागी पनि आफूले आर्जन गरेका शिक्षामा नवप्रर्वन गर्दै उद्यमशील बन्न प्रयासरत छन् :

> शैक्षणिक सामग्रीलाई निर्माण गर्न थाल्यौँ, अनुसन्धानात्मक प्रस्ताव लेखनको तालिम सञ्चालन गर्ने भयौँ, अनलाइन शिक्षक तालिमको सेन्टर खोल्यौँ । भाषणकलाको तालिम प्याकेज बनायौँ । हस्तलेखन राम्रो हुनेले हस्तलेखन तालिमको प्याकेज बनायौँ । बोली राम्रो हुनेले भाषण तथा उद्घोषण कलाको तालिममा ध्यान दिन थाल्यौँ । लेखाइ शैली राम्रो हुनेले व्यावहारिक, सिर्जनात्मक, प्राज्ञिक, कानुनी तथा प्रशासनिक लेखनमा ध्यान दियौँ । प्रश्न सोध्ने तथा क्यामेरा अगाडि गएर बोल्ने अभ्यासको केन्द्र नै खोल्यौँ । कविता वाचन कला भनेर अभियान नै चलायौँ ।
>
> (एमफिलका सहभागीका प्रतिक्रिया)

सहकार्यमा आधारित काम गर्दै सहभागीको समूहले आफ्नो उद्यम सञ्चालन गऱ्यो । उनीहरूको समूहमा मिलेर काम गर्ने अभ्यासले पनि आफ्नो औपचारिक शिक्षालाई नयाँ ढङ्गले प्रयोगमा ल्याए । उनीहरूमा आएको नवप्रवर्तनको सोंचले नै उनीहरूलाई उद्यमी बनायो । उक्त अभ्यासले उनीहरूको जीवनमा पनि रूपान्तरण ल्यायो । उनीहरूको वैयक्तिक विशिष्टता नै उद्यमशीलताको केन्द्र बन्यो ।

त्यसैगरी विद्यार्थीको सामूहिक कार्यमा आधारित संस्कारले उनीहरूलाई स्थापित गरायो । एकअर्काको उच्च समन्वयका कारण उनीहरू सफल कम्पनीका मालिक समेत बने । उनीहरूको विश्वविद्यालयको शिक्षाको प्रकृति फरक भए तापनि सामूहिक चिन्तन, चेतना र निरन्तरताका कारण अब्बल सेवाप्रदायक कम्पनीका हिस्सेदार बने :

> दुई वर्षमा त हामी साथीसँगको समन्वयका कारण सहरकै गनिने सेवाप्रदायक कम्पनीका हिस्सेदार बन्यौँ । उक्त कामप्रतिको लगावका कारण हामीले अर्को पनि व्यवसायलाई सुरु गर्ने योजना बनायौँ । एक सहरमा एक विशेष कम्पनी बनाई नगरपालिकाको उद्यमशील शिक्षामा नेतृत्व गर्न थाल्यौँ । नगरपालिकाको युवा स्वरोजगारको तालिमका लागि हामीसँग नै सम्झौता हुन थाल्यो । हामीले महिला उद्यमशीलता, युवा उद्यमशीलता र वृद्ध उद्यमशीलता कार्यक्रम आआफ्ना वडामा सञ्चालन गरिरहेका छौँ । नगरपालिकासँगको सहकार्यमा नगर शिक्षाअन्तर्गत उद्यमशील शिक्षाको कार्यक्रम पनि चलाइरहेका छौँ । तसर्थ नेपाली भाषा शिक्षाका सैद्धान्तिक विषयलाई व्यवहार तथा प्रयोगमा उतार्नका लागि हामी साथीभाइको सहकार्य र सिर्जनशीलताले ठुलो भूमिका खेलेको छ ।
>
> (एमफिलका सहभागीका प्रतिक्रिया)

प्रस्तुत प्रतिक्रियामा सहभागीमा रहेको आत्मविश्वास, नयाँ ज्ञान, सिप तथा अभ्यासको प्रवर्धन, सरकारसँगको सहकार्य तथा उद्यमशीलताको अभियान जस्ता कार्यले उनीहरूको उद्यमशील सिपलाई स्थापित बनाइदिएको छ । नगरपालिकासँग गरिएका सहकार्य तथा उमेरअनुसारको उद्यमशील शिक्षाले पूरै सहरमा जागरण आएको र उद्यमशील शिक्षाको अभ्यासमा वृद्धि भएको जनाइएको छ । हरेक मानिसको जीवनमा आवश्यक पर्ने सिपको अभ्यास, प्रयोग तथा तालिमका कुरालाई व्यवसायसँग जोडेपछि सहभागीको उद्यमशीलतामा अत्यधिक वृद्धि भएको देखिएको छ । यसका मतलव उद्यमशील शिक्षामा सिप, व्यवहार र प्रयोग नै महत्त्वपूर्ण हुन्छ । बोल्ने, लेख्ने, पढ्ने, बनाउने, उत्पादन गर्ने तथा निर्माण गर्ने सिपले सहभागीको समूहले स्वरोजगार सिर्जना गरेको छ । उनीहरूमा भएको सिर्जनात्मक तथा नवप्रर्वतनात्मक क्षमताले नै उत्पादनशील बनाएको छ । त्यसैगरी सहभागीका बिच भएको समन्वयको बानी तथा सम्झौताले ती सबैलाई उद्यमी बनाएको छ । विद्यार्थीहरू आफैँ नवप्रवर्तनमा उत्प्रेरित छन्, नयाँ नयाँ उद्यम गर्ने कुरामा सचेत छन् तथा हरेक कुरामा आलोचनात्मक बनी नयाँ विचारको सम्भावना खोजीमा देखिएका छन् । तसर्थ उनीहरूको दृष्टिकोणमा नेपाली भाषा शिक्षामा पनि उद्यमशील बन्न सक्ने सिपको विकास गर्न सकिन्छ भन्ने सम्भावना पाइन्छ ।

***नयाँनयाँ उद्यमको अभ्यास***

उद्यमशील शिक्षाले विद्यार्थी तथा उद्यमीलाई नयाँनयाँ उद्योग खोल्ने अवसरको सिर्जना गरिदिन्छ । यसप्रकारको शिक्षाले हरबखत नयाँनयाँ उदाहरणलाई प्रस्तुत गर्छ । एउटा उद्यमको लामो समयसम्म सञ्चालनपछि नयाँ र समयअनुसारको उद्यम सुरु गर्ने आँट, योजना र लगनशीलताको विकास गर्ने सिप प्राप्त हुन्छ । नयाँखालको व्यवसायको सुरुवात गरी विश्वबजारमा आफ्नो उद्यमशीलताको उदाहरण देखाउन उद्यमीहरू तल्लीन हुन्छन् । उद्यमशील बन्नका लागि आफ्नो तथा समूहका सदस्यको नेतृत्व र व्यक्तिगत विकासलाई प्रवर्धन गर्दै सकारात्मक र महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ र त्यसका लागि विद्यार्थी तथा सरोकारवालालाई स्वखोजी र नयाँ उद्यमको सिर्जनाका लागि मार्गदर्शन गरिएको हुनुपर्छ (स्यामुअल र रहम्यान, सन् २०१८, पृ. १८०८-१८१०) । विश्वविद्यालयको शिक्षापश्चात् आफ्नो स्थायित्वमा विश्वस्त बनेका विद्यार्थीहरू जागिर नपाएपछि उद्यमशीलतातर्फ लागेका प्रसङ्ग पनि उस्तै छन् । उक्त आशयका आधारमा नेपाली भाषा शिक्षाका विद्यार्थीहरूले यस विषयमा दिएका प्रतिक्रियालाई यहाँ प्रतिनिधिमूलक रूपमा प्रस्तुत गरिएको छ :

> नेपाली भाषा शिक्षामा स्नातकोत्तर तह उत्तीर्ण गरिसकेपछि बजारमा जहाँ पनि स्थापित हुन सकिन्छ भन्ने बुझेका थियौँ । तर सोचेजस्तो छैन रहेछ । सानो जागिर खाने अवसर पनि जुरेन । जहाँ गए पनि कि त अनुभव चाहिने, कि त सिप चाहिने वा नेतृत्व क्षमता । ती सबै कुराको विकास नेपाली भाषा शिक्षाले गरेको थिएन । नेपाली भाषा शिक्षामा त सिद्धान्तको अध्ययन गरिएको थियो । त्यसैले ती सबै कुरालाई साथीहरूसँग मिलेर नवप्रवर्तन वा आविष्कार गर्ने योजना गर्‍यौं ।

(एमएडका सहभागीका प्रतिक्रिया)

आफ्नो शिक्षाले प्रत्यक्ष सहयोग नगरेपछि जागिरबाट भन्दा आफैँले केही काम गर्न सुरु गर्ने भन्ने सोंचस्वरूप सहभागीले नवप्रवर्तनात्मक कामको थालनी गरेको पाइएको छ । त्यसका साथै आफूमा भएका सिपलाई नै उद्यमको आधार बनाउँदै उनीहरूले सामूहिक कार्यसंस्कृतिको विकास गरेका छन् । उक्त कुरा उद्यमशीलताका लागि अत्यावश्यक पनि हो ।

हरेक मानिसलाई जीवनमा चाहिने अत्यावश्यक सिपको प्याकेजको निर्माण गरी उक्त सिपलाई बजारमा बेच्ने योजनाबमोजिम सहभागीले आफ्नो सिपको बिक्री गरेका छन् । उक्त कुरालाई बेनेट (सन् २००६) ले विद्यार्थीको क्षमता, ज्ञान र प्रवृत्तिअनुसारको स्वउत्प्रेरित सिकाइको प्रतिफलका रूपमा उल्लेख गरेका छन् । साथै सहभागी विद्यार्थीको त्यस किसिमको प्रवृत्तिलाई सहकार्यमूलक सिकाइ तथा उद्यमशील जीवनशैलीका रूपमा अर्थ्याइएको छ । गिब क,ख,ग (सन् २००२) ले विद्यार्थीहरूको आफ्नै सचेतना, आफ्नै बहस र विचारको आदानप्रदानले निर्माण गरेको लचिलो बजारको सिकाइका रूपमा उनीहरूको सक्रियतालाई उल्लेख गरेका छन् । त्यसै प्रसङ्गमा सहभागीले पनि आफ्नै गल्ती, चेतना, खोजी र प्रयासबाट समस्याको समाधानमा सफल बनेको प्रतिक्रिया पाइएको छ :

> हरेक मानिसलाई दैनिक जीवनमा आवश्यक पर्ने सिप तथा क्षमताको विकास गर्ने प्याकेज बनाएपछि हाम्रो उद्यमशील योजना सफल बन्न थाल्यो । उक्त उद्यमका कारण हामीले धेरै संस्थासँग पनि सहकार्य गरेका थियौँ । पहिलो उद्यम सफल बन्न थालेपछि नयाँनयाँ व्यवसायमा ध्यान जान थाल्यो । अनि हामी नयाँनयाँ उद्यमको खोजी तथा अध्ययनमा लाग्यौँ । हामी हरेक साथीले एक एक कम्पनी स्थापना गरी नेतृत्व गर्ने कार्यमा सफल भयौँ । हामीले नयाँनयाँ व्यवसाय गर्दै नगर वा सहरभरि नै युवा तथा शैक्षिक उद्यमीका रूपमा लोकप्रिय भयौँ । उक्त कारणले हामीलाई नगरभित्र धेरै सफल उद्यम गरेका युवाका रूपमा चिन्न थालियो । हामीलाई उद्यमशील शिक्षा कसरी सम्भव छ भन्ने विषयका छलफलमा बोलाउन थालियो । त्यसपछि बिस्तारै हामीले पुराना उद्यमलाई संशोधन गर्दै नयाँनयाँ उद्यममा अद्यावधिक गर्दै गयौँ ।
>
> (नेपाली भाषा शिक्षा अध्ययन गरेका युवाउद्यमी विद्यार्थीको प्रतिक्रिया)

माथिको प्रतिक्रियामा सहभागीले कसरी नयाँनयाँ उद्यममा चासो दिए भन्ने विषयलाई प्रस्तुत गरिएको छ । उत्प्रेरणाको सिद्धान्तले पनि आफैँ केही गर्न उत्साहित हुनुलाई उत्प्रेरणा भनेका कारण यहाँ पनि सहभागी उत्प्रेरित बनेको देखाइएको छ । साथीहरूसँग मिलेर उद्यम गर्दा हरेकलाई उत्साह जागेको र सबैले कडा मिहिनेत गरेका कारण उनीहरूको उद्यम सफल बन्दै जान थालेको देखाइएको छ । उत्प्रेरणाको सिद्धान्तअनुसार पनि विद्यार्थीहरू नयाँ नयाँ उद्यममा जोखिम लिन उत्प्रेरित छन् । एउटा व्यवसायमा सफल बनिसकेपछि अर्को नयाँनयाँ उद्यममा ध्यान जान थालेको र हरेक साथीलाई एकएक कम्पनी निर्माण गरी नेतृत्व गर्ने वातावरण निर्माण गरियो । त्यसपछि आफूलाई नगर, सहर वा टोलमा सफल उद्यमीका रूपमा चिन्न थालेपछि आफ्ना पुराना उद्यमशील कामलाई बिस्तारै संशोधन गर्दै र अद्यावधिक गर्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । उक्त विषयले उद्यमशीलताको विकासका लागि आफ्नो सोंचमा सिर्जनशीलता र

उत्प्रेरणाको आवश्यकतालाई दर्शाएको छ । भाषा शिक्षाका विद्यार्थीहरूले पनि सहकार्यमूलक कार्य गरे, उद्यमशीलतालाई आफ्नो वृत्ति विकासको आधार बनाए भने उनीहरू मिलेर आआफ्ना उद्देश्य पूरा गर्न सक्दछन् भन्ने बुझ्न सकिन्छ । साथीहरूसँग मिलेर काम गर्दा आफ्नो समूह नै सफल बन्ने कुरालाई सहभागीले उल्लेख गरेका छन् ।

***जोखिम लिने सिप***

साधारण प्रयास र आरामदायी कामले त सफलतालाई पनि टाढै राख्छ । उद्यमशील सोंच र काममा जोखिम लिनुपर्छ भन्ने मान्यता पाइन्छ । विश्वव्यापीकरणको बढ्दो प्रभावका कारण संसारका शक्तिशाली भाषाहरूले शक्ति सञ्चय गरेर बजारलाई कब्जा गर्ने अभ्यास देखिन्छ । स्थानीय वा अल्पसङ्ख्यक भाषिक वक्ताका लागि ठुलो भाषाको बजार भएका ठाउँमा भाषिक उद्यमशील बन्न निकै चुनौती देखिन्छ । तिनीहरू बिच सन्तुलित किसिमको भाषिक गतिविधि गर्नेदेखि आफ्नो भाषालाई बजारको आम्दानीका स्रोतमा बदल्ने चुनौतीको सामना गर्नुपर्छ (शर्मा र फ्याक, सन् २०२०, पृ. २५) । उद्यमशील सोंचका अघि बजारमा चुनौती त हुन्छ, त्यसलाई चिरेर अगाडि जानेमान्छे मात्र उद्यमशीलतामा अगाडि आउनसक्छ । बजारमा राम्रो आम्दानी गर्नसक्ने भएपछि उद्यमशीलतामा सफल भएको मानिन्छ । उक्त आशयका आधारमा यस अध्ययनका सहभागीले पनि आफ्नो उद्यमशीलताको यात्रामा लिएका जोखिम र त्यसबाट पाएका उपलब्धि बारे प्रस्तुत गरेका छन् :

> नेपाली पढेका मान्छेले नेपालीभन्दा अन्य विषय, सिप, कला तथा प्रविधि जानेकै हुँदैन भन्ने भ्रामक समुदायका अघि काम गरेर विश्वसनीय वातावरण बनाउनु थियो । हामीलाई अङ्ग्रेजी पनि राम्रै आउँथ्यो । हामी अतिरिक्त समयमा अङ्ग्रेजी, जापानिज, डच भाषाको पनि अध्ययन गर्थ्यौं । नेपाली भाषा, व्याकरण, अनुसन्धान, साहित्य र समालोचना तथा भाषाका सिपसँग जोडिएका विषयमा राम्रो गर्न सकियो भने त्यो नै हाम्रो बजार बन्ने छ भन्ने कुरामा हामी ढुक्क थियौं ।
>
> (एमएड अध्ययन गरेका सहभागीका प्रतिक्रिया)

नेपाली विषय अध्ययन गरेका मान्छेलाई बजारले हेर्ने त्यतिखेरको दृष्टिकोणका अगाडि उद्यमशील बन्नु निकै चुनौती भएको र उक्त चुनौतीका अगाडि आफ्नो क्षमता वृद्धि गर्दै सामना गर्नुको विकल्प नरहेको प्रतिक्रियाले औपचारिक शिक्षा हासिल गरेर बजार गएको व्यक्तिलाई पनि उसको सिप, क्षमता, कला तथा सामाजिक गुणलाई भन्दा उसले पढेको विषयलाई केन्द्रमा राखेर पूवाग्रही सोंच राख्ने जमात् पाइने बताइएको छ । उक्त कुरालाई पनि नेपाली विषय अध्ययन गरेका विद्यार्थीका लागि थप चुनौतीका रूपमा लिइएको छ । बजारमा बिक्ने सामग्रीको उत्पादन होकि उत्पादकको क्षमता हो भन्नेमा प्रस्ट हुन नसकेका सेवाग्राहीलाई प्रभाव पार्नसक्नु सहभागीको पनि सफलता देखिन्छ ।

सहभागीले देखाएको धैर्य र लगनशीलता अन्य विषय पढेका व्यक्तिको भन्दा बढी र प्रवर्तनित रहेको पाइएको छ । गिब (सन् २००२) ले भनेजस्तै उद्यमशीलताका लागि व्यक्तिलाई धेरै वैचारिक र

व्यावहारिक सिपहरू चाहिन्छ किनकि तिनीहरूले उद्यमशील गतिविधिहरूमा संलग्न भई अनेकौं चुनौतीहरूको सामना गर्नुपर्दछ । बजारभन्दा बाहिरका भएकाले सहभागीलाई धेरै चुनौतीको सामना गर्नुपरेका अनुभव पनि देखिन्छन् । यस अध्ययनका सहभागीले पनि आफ्नो अध्ययनको विषयभन्दा सिप, क्षमता, विचार तथा कलाको विकासमा बढी ध्यान दिई बजारमा आइपरेका चुनौतीको सामना गरेका छन् :

> हामी दूरदराजका मान्छेलाई सहरको स्थानीय निकायले चिन्ने कुरै थिएन । हामीले कम्पनी *दर्ता* गर्ने सोंच बनायौं । तर कसरी गर्ने भन्ने समस्याले सतायो । कम्पनी दर्ता गर्नलाई सम्बन्धित स्थानीय व्यक्ति हुनुपर्छ भन्ने मान्यताले हामीलाई चुनौती थप्यो । धेरै प्रयास गर्‍यौं । अनि उद्यमीलतामा रहर भएका एकजना दाइको साथ लियौं । विनालगानी कम्पनीको सदस्य बनाउने प्रण गर्‍यौं । उनी पनि सहमत भए । उनको नागरिकताका आधारमा हामीले कम्पनीको कार्यालय, विधान, अन्य कागजपत्रहरू बनायौं । उनलाई लोजिस्टिक मेनेजर बनायौं । महिनामा अलिअलि भत्ता दिनेगरी उनलाई सम्बन्धमा राख्यौं । हामीले लेखन, पठन, अनुसन्धान, प्रकाशन, उद्घोषण, अन्तर्वार्ता, सम्पादन तथा घोस्ट लेखनजस्ता कार्यहरू गर्न थाल्यौं । सुरुमा त बजारका स्थापित व्यावसायीसँग टिक्न गारो नै भयो । तर, बिस्तारै हामीले पनि बजारमा पहिचान राख्न थाल्यौं ।

काठमाडौं जस्ता सहरभन्दा धेरै टाढाका व्यक्तिका लागि बजारमा उद्यमशीलता सिर्जना गर्ने कुरा पनि चुनौतीको विषय बन्दछ भन्ने कुरालाई माथिका प्रतिक्रियाले प्रस्तुत गरेका छन् । दूरदराजका मान्छे भएकाले सहरका स्थानीय निकायले पनि राम्रोगरी वास्ता नगर्नु, कम्पनी दर्ता गर्दा स्थानीय चाहिने नियम, अनि कमिसन दिएर स्थानीयलाई आफ्नो उद्यममा ल्याउनुपर्ने बाध्यता जस्ता कुराले सहभागीलाई धेरै चुनौती थपेको देखिएको छ । बजारका स्थापित व्यापारीसँग टिक्न गाह्रो भएकाले सहभागीले बजारमा धेरै सङ्घर्ष गर्नुपरेका सन्दर्भ पनि देखिएका छन् । हर्बर्ट र लिङ्क (सन् २००९) ले भनेजस्तै सहभागीको व्यक्तित्वका कारण बजारमा समायोजन हुन सहयोग पुगेको छ । उनीहरूका अनुसार एक उद्यमी एक व्यक्तित्व हो, जसका कारण तुलनात्मक रूपले केही लाभ हुनसक्छ भनी उसले आफ्ना गतिविधिहरू निरन्तर चलाइरहन्छ । तसर्थ सहभागीहरूको हँसिलो, सकारात्मक सोंच, सहयोगी र समन्वय गर्ने स्मार्ट व्यक्तित्वका कारण बजारमा समायोजन हुन सहयोग पुर्‍याएको देखिन्छ ।

उद्यमशील हुनका लागि मानवीय चुनौतीको त सामना गर्नुपर्छ नै प्राकृतिक महाविपत्तिको पनि पीडा खप्नुपर्दा धेरै सङ्कटको सामना गर्नुपर्छ । यस अध्ययनका सहभागीले पनि लकडाउनको सामना गर्नुपरेको छ । उद्यपि उनीहरूले त्यसमा पनि विकल्पको सिर्जना गरिहाले र आफ्नो उद्यमलाई झन् नवप्रवर्तनको सिपले परिष्कृत बनाएका छन् ।

> लकडाउनका कारण हाम्रो पनि उद्यम सङ्कटमा पर्‍यो । अनि हामीले फेरि ती सबै कुरा अनलाइनमा गर्ने निधो गर्यौ । तर, सजिलो थिएन । अङ्ग्रेजीलगायत भाषाप्रतिको लगाव र त्यसले कब्जा गरेको बजारका अघि हामीले चुनौतीको सामना गर्नु नै थियो । साथै हाम्रा लागि अनलाइनमा काम गर्न ठुलो जोखिम थियो नै त्यहीँमाथि हामीले अनलाइन बजारलाई त्यति राम्ररी

> बुझिसकेका थिएनौँ । हामीले अनलाइनमार्फत् अब किताब बिक्री गर्ने, होम डेलिभरी गर्ने, खानेकुरा, लाउने कुरा, पकाउने कुरा, लेख्ने कुरा, विद्यार्थीका लागि विषयअनुसारको कापी निर्माण, गृहकार्यको ढाँचा, चित्रकलाको ढाँचा, हस्तलेखनको ढाँचा, हस्तलेखन तथा अनलाइन कक्षासम्बन्धी हामीले निःशुल्क कक्षा चलायौँ । जुम, टिम्स् जस्ता सफ्टवेयरको प्रयोग गरी देशभरि अनलाइन शिक्षक तालिम चलायौँ । १५ दिनसम्म निशुल्क तालिमपछि हामीले सशुल्क तालिम गरिने सूचना गर्यौं । त्यो निर्णय हाम्रा लागि धेरै जोखिमयुक्त थियो । तर, सःशुल्क गर्दा त झन् शिक्षक तालिमका लागि अनुरोध नै आउन थाल्यो ।

(एमएड तहका सहभागीको प्रतिक्रिया)

सहभागीले लकडाउनमा भोगेका दुःख, पीडा र समस्याले उद्यमीलता कसरी स्थापित हुन्छ भन्ने विषयलाई दर्शाएको छ । उनीहरूले थाहा नपाएको बजार नै अनलाइन बजार थियो । उक्त प्रकृतिलाई समेत धैर्य गरेर मिहिनेतलाई निरन्तरता दिइराखेपछि लकडाउनमा आफ्नो बजार स्थापित गर्ने मौका मिलेको सङ्केत पाइएको छ । सहभागीका प्रतिक्रियाअनुसार केही समय अनलाइन सेवा दिइसकेपछि सःशुल्क सेवाको निर्णय गर्नु पनि जोखिमपूर्ण नै थियो । यद्यपि ती सबै पक्षलाई राम्ररी नियन्त्रण गर्दै अघि बढ्दै जाँदा लकडाउनको उद्यमशीलताले सफलता पाएको देखिन्छ ।

उद्यमशीलतामा जोखिम उठाएका युवाशक्तिले लामो मिहिनेत, सङ्घर्ष र जोखिममा देखाएका आँटका कारण उद्यमशील जीवन स्थापित भएको देखिएको छ । साथै कडा सङ्घर्षका पछि बनेको उद्यमशील जीवन र पाएका सफलताका पछाडि विश्वविद्यालयको डिग्रीले मात्र होइन परिस्थितिले वास्तविक जीवन जिउन सिकाउँछ भन्ने कुरालाई सहभागीका प्रतिक्रियाले प्रस्ट पारेका छन् :

> हामीले लिएका जोखिमयुक्त कामले हामीलाई अगाडि बढ्न प्रेरणा त दिइराखेको थियो तर पैसा उठाउन ठुलो चुनौती थियो । त्यो कार्य पनि ७० प्रतिशत सफल बन्यो । त्यस कार्यले हामीलाई धेरै प्रेरणा दियो र हामीले अनलाइन स्कुलको स्थापना नै गर्यौं । उक्त स्कुलले अहिले पनि हामीलाई राम्रो उत्साह दिइराखेको छ ।

(एमएड तहका सहभागीको प्रतिक्रिया)

माथिको प्रतिक्रियामा सहभागीले आफ्नो सैद्धान्तिक ज्ञानलाई प्रयोगमा उतारियो भने राम्रो गर्न सकिन्छ भन्ने कुरामा गरेको अठोटलाई देखाइएको छ । अनलाइनको व्यापार नबुझेको व्यक्तिले बजार र यसको प्रकृति नबुझिकन एक्कासि अनलाइनमा कार्यक्रम गर्न थाल्नु ठुलै जोमिखका रूपमा देखाइएको छ । साथमा अङ्ग्रेजी भाषाको व्यापार चलेका बेला बजारमा नेपाली भाषालाई व्यापारिक स्रोत बनाउनु पनि चुनौती नै रहेको देखाइएको छ ।

### *उद्यमशीलताविषयक पाठ्यक्रम र नेपाली शिक्षाको बजार*

नेपाली भाषा शिक्षाको पाठ्यक्रममा विभिन्न भाषिक सिपको चर्चा गरिए तापनि प्रस्ट रूपमा उद्यमशीलताको विषयलाई किटान गरेर प्रस्तुत गरिएको छैन । विद्यार्थीहरूले तोकिएका पाठ्यक्रमका सैद्धान्तिक विषयको अध्ययन गर्छन्, सुगा रटाई अध्ययन गर्छन् र परीक्षामा सोधिएका लिखित प्रश्नको उत्तर

लेखेर सम्बन्धित तह वा सेमेस्टर उत्तीर्ण हुन्छन् । उनीहरूले प्राप्त गरेको प्रमाणपत्रलाई बजारको मागसँग जोडेर हेर्दा रोजगारको सुनिश्चितता देखिँदैन । उक्त सन्दर्भमा नेपाली शिक्षाका प्राध्यापकले दिएको उद्यमशीलतासम्बन्धी धारणालाई यहाँ सारभूत रूपमा प्रस्तुत गरिएको छ :

> भाषाको लेखाइ सिपका रूपमा केही स्वरूपलाई व्यक्तिको जीवननिर्वाहसँग जोडी कानुनी, व्यावहारिक तथा व्यापारिक लेखनका चर्चा गरिएको छ । तर त्यो लेखाइ पनि सैद्धान्तिक प्रकृतिको देखियो । विद्यार्थीहरू परीक्षामुखी भएका कारण बजारका गाइडको अध्ययनमा जोड दिन थाले । तथापि हाम्रो पाठ्यक्रमले उद्यमशीलता बारे उत्प्रेरणा, सचेतना र सङ्कल्पका कुरालाई देखाएको छैन । अहिलेको बजारमा सुनिने पढ्दै कमाउँदै भन्ने खालको त छैन तर कतिपयले यहाँ सैद्धान्तिक अभ्यास गरिएका शिक्षण, तालिम, अनुसन्धान, शैक्षिक सामग्री निर्माण आदिलाई आफ्नो पेसाको आधार बनाएका छन् । तर त्यो पनि जागिरमुखी देखिएको छ । नेपाली शिक्षामात्र होइन अन्य विषयमा पनि बजारसँग जोडेर उद्यमशील पाठ्यक्रम निर्माण गरिएको देखिएको छैन । तर प्रविधिका हरेक एप्लिकेसनमा, विज्ञापनमा, हरेक मातृभाषाको उत्थानमा, विदेशमा बस्ने नेपालीका लागि नेपाली कला, संस्कृतिको प्रवर्धन गर्ने प्याकेज शिक्षण कला आवश्यक छ । यस विषयमा अध्ययन गरेर पाठ्यक्रममा समेट्नुपर्छ ।

(प्राध्यापकका प्रतिक्रिया)

माथिको प्रतिक्रियामा नेपाली विषयलाई उद्यमशील बजारसँग जोडिएका पाठ्यक्रमसम्बन्धी अवस्थालाई प्रस्तुत गरिएको छ । लेखाइ सिपलाई व्यक्तिको जीवनयापनको आधारसँग प्रत्यक्ष रूपले जोडी उद्यमी बन्न सिकाउने अवधारणा भए तापनि त्यसले मूर्त रूप नपाएको देखिन्छ । नेपाली शिक्षामा जति पनि पाठ्यक्रमहरू बने बनाइए, तिनीहरू केवल सैद्धान्तिक प्रकृतिका बने । तिनको पद्धति पनि भाषणमा केन्द्रित रह्यो । विश्वबजारले मागेको पढ्दैकमाउँदै भन्ने प्रकृतिको पाठ्यक्रम नभए तापनि त्यसलाई उपयोग गरेर आर्थिक स्रोत वृद्धि गर्ने कुरा त पाइन्छ । गरिएका अभ्यास सबै जागिरमुखी भएका कारण पनि प्राप्त गरेका सिपहरू उद्यमशीलतासँग नजोडिएका देखिन्छन् । उत्प्रेरणाको सिद्धान्तअनुसार पनि स्नातकोत्तर वा त्योभन्दा माथिल्लो तहको अध्ययन गरेका विद्यार्थीहरू आफैँ केही काम गर्न खोज्ने भएकाले यस अध्ययनका सहभागी विद्यार्थी पनि रुचिअनुकूल काममा उत्प्रेरित भएको देखिन्छ । स्वरोजगार सिर्जना गर्ने होकि रोजगारी गर्ने हो भन्ने बारे प्रस्ट अभ्यास नभएका कारण नेपाली शिक्षामा पनि उद्यमशीलतासम्बन्धी पाठ्यक्रमको प्रभाव रहेको देखिएको छ । सहभागीका विचारमा पाठ्यक्रमले सैद्धान्तिक तालिम, सेमिनार, प्रशिक्षणलाई निर्देश गरेकाले जे हुन्छ सैद्धान्तिक मात्रै हुन्छ भन्ने कुरालाई देखाएको छ । यस सन्दर्भमा कोस्टा र अन्य (सन् २०२०) ले बताएका छन् :

> कमोडिफिकेसनले भाषाको विचारधारालाई परिवर्तन गर्न जोड गर्छ । त्यसले परिवर्तनको भूमिका पनि निभाउँछ । राजनीतिक अर्थतन्त्रलाई पनि भाषिक उद्यमशीलताले प्रस्ट पार्छ । जसमा नवउदारवादी विचारसहित मानिस तथा अन्य संस्थाहरू आफैँ सम्बद्ध हुन्छन् । तसर्थ भाषिक

उद्यमशीलता भनेको भाषा सिकाइका सन्दर्भमा व्यक्तिलाई राजनीतिक, आर्थिक तथा वैचारिक रूपले स्वचेतनाको विकास गराउने प्रक्रिया हो । उक्त सबै कुराको सम्बन्ध व्यक्तिको स्व-को विकाससँग जोडिएको हुन्छ (पृ.१४०) ।

भाषिक उद्यमशीलतासम्बन्धी उक्त मान्यताअनुसार प्रस्तुत अध्ययनमा तथा शिक्षाशास्त्रका अन्य विषयमा पनि विश्वबजारमा आर्थिक स्रोतका रूपमा प्रतिस्पर्धा गर्नसक्ने पाठ्यक्रमको निर्माण गरिएको अवस्था भएको देखिँदैन । यद्यपि प्रविधिका हरेक एप्लिकेसनमा, विज्ञापनमा, हरेक मातृभाषाको उत्थानमा, विदेशमा बस्ने नेपालीका लागि नेपाली कला, संस्कृतिको प्रवर्धन गर्ने प्याकेज शिक्षणको विकास गर्न सकेमा नेपाली भाषा, कला, साहित्य, अनुसन्धानलाई पनि उद्यमीलताको प्रस्ट आधार बनाउन सकिन्छ । त्यस किसिमको बहस नै नहुनुले नेपाली भाषा शिक्षामा उद्यमशीलताको विषयलाई छाँयामा पारेको छ ।

**निष्कर्ष**

नेपाली भाषा शिक्षामा उद्यमशील बजारको भूमिकाका विषयमा नेपाली शिक्षा अध्ययन गरेका विद्यार्थी र उक्त विषयका प्राध्यापकका दृष्टिकोणलाई अध्ययन गर्दा उद्यमशील शिक्षाको नगन्य अवस्था रहेको पाइएको छ । नेपाली शिक्षामा स्नातकोत्तर र एमफिल गरेका विद्यार्थीको उद्यमशील जीवनका अनुभवका आधारमा पाठ्यक्रम बारे पनि जोडेर विश्लेषण गरिएको यस लेखमा विद्यार्थीहरूमा देखिएको नवीन सोंच, सिर्जनात्मकता र सक्रियताले उनीहरूको उद्यमशील जीवनलाई सङ्केत गरेको देखाइएको छ । सामूहिक कार्य संस्कृतिमा विश्वास गरेर आफूले अध्ययन गरेका विषयगत सिपलाई नै बजारमा आर्थिक आम्दानीको स्रोतका रूपमा अपनाएका विद्यार्थीको उद्यमशील जीवनलाई नै यस लेखको मुख्य विषय बनाइएको थियो ।

विद्यार्थीले दिएका प्रतिक्रियालाई नयाँ उद्यम गर्ने सिप, सिर्जनात्मकता, नवप्रवर्तनात्मकता, आलोचनात्मकता, उद्यमशील अभ्यास र जोखिम लिने सिप गरी जम्मा चारवटा थिमको निर्माण गरी विश्लेषण गरिएको प्रस्तुत लेखमा नेपाली शिक्षामा उद्यमशीलताको भूमिका तथा पाठ्यक्रममा रहेको उक्त शिक्षाको अवस्था बारे छलफल गरिएको छ । उक्त छलफलबाट नेपाली शिक्षामा एमएड गरेका विद्यार्थीहरूको स्वजागरणका कारण जीवन उद्यमशील बनेको पाइएको छ । यद्यपि उनीहरूले प्राप्त गरेको शिक्षा सिद्धान्तका ठेली भए तापनि ती सैद्धान्तिक सिपमार्फत् सम्भावनाको खोजी गरेर बजारमा आवश्यक परेको सेवा प्रदान गर्न सफल बनेको देखिएको छ । स्नातकोत्तर र एमफिल उत्तीर्ण विद्यार्थीहरूले पनि नयाँ जोखिम लिएर बजारको विश्लेषण गरी उद्यम सिर्जना गर्न अभ्यास गरेको पाइएको छ । उनीहरूको सामूहिक योजनाले जन्माएको सिर्जनशील, नवप्रवर्तन र सामूहिक प्रयासलाई बजारमा प्रतिस्पर्धा गर्नसक्ने सफल उद्यमशील र व्यावहारिक थालनीका रूपमा लिइएको छ । साथै नेपाली शिक्षाको पाठ्यक्रमले प्रस्ट रूपमा उद्यमशील शिक्षाको वकालत नगरे तापनि त्यसभित्र प्रदान गरिने भाषिक सिप भने उद्यमशीलतासँगै जोडिने तर तिनको अभ्यास नभएका कारण सिद्धान्त र व्यवहार बिच रिक्तता रहेको पाइएको छ । आफूले

ISSN: 3059-9083 (Online & Print)

प्राप्त गरेको शिक्षाले उत्प्रेरित गरेको भन्दा पनि अरुको हेरेर वा देखेर आफूले केही स्वरोजगार सिर्जना गर्नुपर्छ भन्ने चेतनाका कारण सहभागी विद्यार्थी उद्यमी बनेको देखिन्छ। यद्यपि पाठ्यक्रमले सो विषयसम्बन्धी धारणा कहीँ पनि चर्चा नगरेका कारण विद्यार्थीको अपेक्षालाई पूरा गर्न नसकेको पनि देखिएको छ।

नवउदारवादले प्राथमिकतामा राखेको भाषालाई बजारको बिक्ने वस्तुसँग राख्नुपर्छ भन्ने मान्यतालाई नेपाली भाषासँग जोड्न अलि बढी चुनौती देखिन्छ। कोस्टा र अन्य (सन् २०२०) ले उल्लेख गरेअनुसार प्रतिस्पर्धात्मक उद्यमका रूपमा भाषिक सिकाइलाई संस्थाले प्रवर्धन गर्नुपर्छ। आर्थिक वृद्धिमा सुधार गर्न भाषिक तालिमको गुणस्तरमा ध्यान दिनुपर्छ (पृ.१४३)। यस लेखमा पनि उद्यमशील शिक्षाको प्रस्ट नीति नभएका कारण शिक्षाशास्त्रीय विषयका साथ नेपाली शिक्षाको पाठ्यक्रमले पनि उद्यमशील सिपलाई तोकेर उल्लेख गरिएको पाइएको छैन। त्यसैले नेपाली शिक्षालाई विश्वबजारको प्रतिस्पर्धात्मक बजारमा लैजानका लागि नीतिगत रूपमा नै निर्देश गर्ने हो भने उद्यमशील नेपाली शिक्षाको सम्भावना रहेको देखिन्छ।

## सन्दर्भसामग्री सूची


अंगाई, लालप्रसाद (६ जेठ, २०८१), *विश्वविद्यालयमा उद्यमशील विद्यार्थीको खोजी,* https://www.nayapatrikadaily.com/news-details/141418/2024-05-19

इमान्युअल, सि.एल.(सन् २०१०), *एन्टरप्रेनरसिप : अ कन्सेप्चुअल अप्रोच,* कन्सेप्ट पब्लिकेसन्स्।

कान्फर, आर.(सन् १९९०), मोटिभेसन थ्यौरी एण्ड इन्डस्ट्रियल एण्ड अर्गनाइजेसनल साइकोलोजी, इन एम.डि.डुनेट एण्ड एल.एम.हफ, *ह्यान्डबुक अफ इन्डस्ट्रियल एण्ड अर्गनाइजेसनल साइकोलोजी* ( दोस्रो संस्क.), १, ७५-१७०, कन्सल्टिङ् साइकोलोजिस्ट प्रेस, ।

काप्लान, अभि, इडित, काट्ज एन्ड फ्लम, हनोक (सन् २०१२), मोटिभेसन थ्यौरी इन एजुकेसन प्राक्टिस : नलेज क्लेम्स् च्यालेन्जेज एन्ड फ्युचर डाइरेक्सन्स्, researchgate.com 007

कोहेन, लु., मानियन, ल. एण्ड मोरिसन, केथ (सन् २०१८), *रिसर्च मेथोड्स इन एजुकेसन* (आठौँ संस्क.), रुटलेज।

गिब, ए.ए. (सन् २००२), इन पर्स्युट अफ ए न्यू एन्टरप्राइज एन्ड एन्टरप्रेनरसिप प्याराडाइम फर लर्निङ् : क्रियटिभ डिस्ट्रक्सन, न्यू भ्याल्यूज, न्यू वेज अफ डुइङ् थिङ्स् एन्ड न्यू कम्बिनेसन्स अफ नलेज, *इन्टरनेसनल जर्नल अफ म्यानेजमेन्ट रिभ्यूज,* ४(३), २३३-२६९।

तिमोन्स, बायस (सन् २०११), *द तिमोन्स मोडेल,* http://agora.unimet.edu.ve/docs/466/Detecci%F3n%20de%20una%20oportunidad/Modelo%20de%20Timmons/Modelo%20de%20Timmons.pdf

टेमेरी, ए. (सन् २०२४), डेम्लप्मेन्ट एन्ड स्टेट अफ द आर्ट अफ एन्टरप्रेनरसिप एजुकेसन : अ बायोमेट्रिक रिभ्यू, *एजुकेसन साइन्स्, १४*(३०), २९५। https://doi.org/10.3390/educsci14030295

डि.कोस्टा, पेटर, जोसेफ सुङ्-युल पार्क एण्ड लिओनेल वी (सन् २०१६), ल्याङ्ग्वेज लर्निङ एज लिङ्ग्विस्टिक्स् एन्टरप्रेनरसिप : एम्लिकेसन्स फर ल्याङ्ग्वेज एजुकेसन, *द एसिया प्यासिफिक एजुकेसन रिसर्चर, २५*(५-६), ६९५-७०२ ।

डि.कोस्टा, पि., पार्क, जोसेफ र वि, लियोनेल (सन् २०२०), ह्वाइ लिङ्ग्युइस्टिक्स् एन्टरप्रेनरसिप ?, *मल्टिलिङ्गुआ, ४०*(२), १३९-१५३ । https://doi.org/10.1515/multi-2020-0037

पार्क, जोसेफ सुङ-युल (सन् २०१०), नेचुरलाइजेसन अफ कम्पिटेन्स एण्ड द निओलिबरल सब्जेक्ट : सक्सेस स्टोरिज अफ इङ्लिस ल्याङग्वेज लर्निङ इन द कोरियन कन्जरभेटिभ प्रेस, *जर्नल अफ लिङ्ग्विस्टिक्स् एन्थ्रोपोलोजी, २०*(१), २२-३८ ।

बेनेट, आर. (सन् २००६), बिजिनेस् लेक्चर्स पर्सेप्सन्स् अफ द नेचर अफ एन्टरप्रेनरसिप, *एन्टरनेसनल जर्नल अफ एन्टरप्रेनरसिप बिहाभिअर एन्ड रिसर्च, १२*(३), १६५-१८८ ।

विच, रेबेका, इभानोभा, इरिना एन्ड गिकोपोउलौ (२१ अगस्त, सन् २०२०), द CRADLE टिचिङ् मेथोडोलोजी : डेभ्लपिङ फोरियन ल्याङ्ग्वेज एन्ड एन्टरप्रेनरसिप स्किल्स् इन प्राइमरी स्कुल पुपिल्स्, *एन्टरप्रेनरसिप एजुकेसन,* ३, २६५-२८५। https://doi.org/10.1007/s41959-020-00036-2.

ब्लक, डेभिड, जोन ग्रे एण्ड म्यार्नी होल्बोरो (सन् २०१२), *निओलिबरलिज्म एण्ड अप्लाइड लिङ्ग्विस्टिक्स्,* रुटलेज ।

फियट, जे.ओ. (सन् २०००), द पेडाजोजिकल साइड अफ एन्टरप्रेनरसिप थ्यौरी, *जर्नल अफ बिजिनेस भेन्चरिङ, १६*(२), १०१-११७ ।

भ्रुम, भि.एच. (सन् १९६४), *वर्क एण्ड मोटिभेसन,* जोन विले एण्ड सन्स् ।

*युरोयिन आयोग* (सन् २०११), कम्युनिकेसन फ्रम द कमिसन टु द युरोपियन पार्लियामेन्ट, द काउन्सिल, द युरोपियन इकोनोमिक एण्ड सोसल कमिटी एण्ड द कमिटी अफ द रिजन्स ।

शर्मा, बालकृष्ण एण्ड फ्याक, प्रेम (२७ फेब्रअरी, सन् २०१७), निओलिबरलिज्म, लिङ्ग्विस्टिक कमोडिफिकेसन, एन्ड एथ्नोलिङ्ग्विस्टिक आइडेन्टिटी इन मल्टिलिङ्गुअल नेपाल, *ल्याङ्ग्वेज इन सोसाइटी,* भोल. ४६(२), २३१-२५६. https://doi.org/10.1017/S0047404517000045

सुम्पीटर, जे.ए. (सन् १९३४), *द थ्यौरी अफ इकोनोमिक डेभ्लपमेन्ट : एन इन्क्वायरी इन टु प्राफिट, क्यापिटल, क्रेडिट्स, इन्टेरेस्ट, एण्ड द बिजिनेस साइकल,* ट्रान्जेक्सन पब्लिसर्स ।

*सोह्रौं योजना* (२०८१/०८२), नेपाल सरकार, राष्ट्रिय योजना आयोग ।

स्यामुएल, ए. बी., एन्ड रह्म्यान, एम. एम. (सन् २०१८), इनोभेटिभ टिचिङ् मेथोड्स् एन्ड एन्टरप्रेनरसिप एजुकेसन : अ रिभ्यू अफ लिट्रेचर, *जर्नल अफ रिसर्च इन बिजनेस, इकोनोमिक्स एन्ड म्यानेजमेन्ट, १०*(१), १८०७-१८१३ । https://core.ac.uk/display/267833361

हबर्ट, एफ.रो.एण्ड लिन्क, एन. अल्बर्ट (सन् २००९), *अ हिस्ट्री अफ एन्टरप्रेनरसिप,* रुटलेज । https://doi.org/10.4324/9780203877326

हार्भे, डि. (सन् २००५), *अ ब्रिफ हिस्ट्री अफ निओलिबरलिज्म,* अक्फर्ड युनिभर्सिटी प्रेस ।

हेल्भेटास नेपाल (२०७७), *व्यावसायिक सिप तालिम कार्यान्वयन तथा अनुगमन पुस्तिका,* उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

ह्यानन, डि.पल (सन् २०१३), वाइ इज द एन्टरप्रेनरल युनिभर्सिटी इम्पोर्टेन्ट ?, *जर्नल अफ इनोभेसन मेनेजमेन्ट, १*(२) १०-१७ । http://www.open-jim.org